फोन नं. (Tel.No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

"सबल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

# कागेश्वरी मनोहरा नगरपालिका
# Kageshwori Manohara Municipality

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
थली, डाँछी, काठमाडौं (Thali, Danchhi, Kathmandu)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं.: २०८२/०८३
च.नं. : २८२

मितिः २०८२/०९/०१

श्री सार्वजनिक/निजी (संस्थागत) विद्यालयहरू
कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं ।

**विषयः कक्षा थप वा तह थपको अनुमतिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा, यस नगरपालिका अन्तर्गतका इच्छुक सार्वजनिक/निजी (संस्थागत) विद्यालयहरूले कक्षा थप वा तह थप गरी कक्षा सञ्चालन गर्न अनिवार्य रुपमा तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी यही पौष मसान्तभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । कागजात पछि बुझाउने सर्तमा आवेदन फाराम दर्ता नगरिने व्यहोरासमेत जानकारी गराइन्छ । सोका लागि आवश्यक पर्ने फारम कागेश्वरी मनोहरा नगरपालिकाको शिक्षा तथा खेलकुद शाखाबाट लिन सकिनेछ।

<u>संलग्न गर्नुपर्ने कागजातहरू:</u>

१. सम्बन्धित वडा कार्यालयको सिफारिस र सिफारिस दस्तुर तिरेको नगदी रसिद ।
२. विद्यालय व्यवस्थापन समितिले कक्षा थप वा तह थपको लागि गरेको निर्णयको प्रतिलिपि ।
३. गुठी अन्तर्गतको विद्यालय भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।
४. कम्पनी अन्तर्गतको विद्यालय भए कम्पनीको प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि ।
५. घर/जग्गा आफ्नै भए लालपूर्जा/नक्सा पासको प्रतिलिपि/बहालमा लिइएको भए कम्तीमा पाँच वर्षको लागि गरिएको कवुलियतनामा (करारनामा) पत्रको प्रतिलिपि ।
६. तल्लो कक्षा वा तहको अनुमति पत्रको प्रतिलिपि ।
७. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा, शर्तसम्बन्धी विनियमावलीको प्रतिलिपि ।
८. शिक्षकको नियुक्ति पत्र, अध्यापन अनुमति पत्र र शैक्षिक प्रमणपत्र समेतको प्रतिलिपि ।
९. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको पत्र ।
१०. नजीकका २ विद्यालयको सहमति पत्र (No Objection Letter) ।
११. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
१२. पछिल्लो लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
१३. अनुमति माग गरिएको कक्षामा लागू गरिने पाठ्यपुस्तक विवरण ।
१४. आगामी शैक्षिक सत्रको लागि प्रस्तावित शुल्क विवरण ।
१५. चालु शैक्षिक सत्रमा वितरित छात्रवृत्ति विवरण ।
१६. सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
१७. विद्यालय नवीकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि ।
१८. तोकिएको धरौटी रकम बैंकमा राखिएको मुद्दती कार्डको प्रतिलिपि ।
१९. प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा (नजिकका दुई विद्यालय देखिने गरी) ।

नोटः सार्वजनिक विद्यालयको हकमा सि.नं. ३, ७, ८, ११, १३, १५, १६, १७, १८, १९ र २० मा उल्लिखित कागजातहरू पेश गर्नुपर्ने छैन ।

२०८२/९/१

पुष्पराज ढकाल
(उपसचिव)